REGIONAL NEWS UNIT

आकाशवाणी

BROADCAST: 18:40 hrs Date: 17.06.2025

## Rajbhawan-Yod Samavesh

राष्ट्रिय आयुष मिसन, स्वास्थ्य तथा परिवार कल्याण विभाग, सिक्किम सरकारको तत्वावधानमा, आज राजभवनमा 'योग समावेश' नामक कार्यक्रम आयोजना गरियो, जुन विशेषगरी दिव्याङ्गजनप्रति समर्पित थियो। यो कार्यक्रम एघारौँ अन्तर्राष्ट्रिय योग दिवसको उपलक्ष्यमा आयोजना गरिएको हो। यसको विषय "एक पृथ्वी, एक स्वास्थ्य" रहेको छ। कार्यक्रममा राज्यपाल ओम प्रकाश माथुर प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँले कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभयो

राज्यपालका साथमा राज्यका स्वास्थ्यमन्त्री जीटी दुङ्गेल पनि कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा दुई विशेष विद्यालयका दिव्याङ् बालबालिकाहरूले उत्साहपूर्वक भाग लिए।

## Chief Secretary-Meeting

लाचेन-मङ्गनका क्षेत्र विधायक साम्दुप लेप्चाका अध्यक्षतामा टाशिलिङ सचिवालयस्थित मुख्य सचिवको कार्यालयमा आज महत्त्वपूर्ण बैठक बस्यो। गत मे २९ तारिख आएको बाढीका कारण अहिले लाचेनका जनता कठिन समयबाट गुज्रिरहेका छन्। यो बैठक प्रभावित समुदायलाई सहयोग गर्नहेतु तत्काल राहत र सुरक्षा उपायहरूबारे छलफल गर्नमा केन्द्रित थियो। बैठकमा लाचेनतर्फ जाने सडक मर्मत कार्यको अनुगमनको महत्त्वमा पनि जोड दिइयो। सहभागीहरूले राहत र सुरक्षा उपायहरूको समयमै र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने आवश्यकतामाथि छलफल गरे। मुख्य सचिवले मागहरूप्रति सकारात्मक प्रतिक्रिया दिँदै, राहत र मर्मत कार्यलाई सहज बनाउन आवश्यक सबै मन्जुरी प्रदान गरिने आश्वासन दिनुभएको छ।

## BLO Training

सिक्किमबाट नयाँ दिल्लीस्थित भारत अन्तर्राष्ट्रीय लोकतन्त्र एवं चुनाव प्रबन्धन, IIIDEM मा BLO तालिममा भाग लिन चयन भएका ३२ BLO पर्यवेक्षक र बुथ स्तरीय अधिकारीहरूका लागि व्यापक प्रशिक्षण कार्यक्रम आज मुख्य निर्वाचन अधिकारीको कार्यालय गान्तोकमा सञ्चालित भयो। अतिरिक्त मुख्य निर्वाचन अधिकारी पेमा ल्हादेन लामाले सहभागीहरूलाई सम्बोधन गर्दै, BLO का रूपमा उनीहरूको भूमिका र जिम्मेवारीको महत्त्वमा जोड दिनुभयो। आगामी चुनावी गतिविधिलाई ध्यानमा राख्दै BLO हरूको ज्ञान र परिचालन तयारी बढाउने उद्देश्यले तालिम आयोजना गरिएको हो। यस प्रशिक्षण सत्रमा BLO हरूको प्रभावकारी कार्यका लागि महत्त्वपूर्ण विषयहरूको विस्तृत दायरा समेटिएको थियो। तालिमको उद्देश्य BLO हरूको संस्थागत क्षमतालाई सुदृढ पार्नु, निर्बाध समन्वय सुनिश्चित गर्नु र निर्वाचन प्रक्रियामा पारदर्शिता र जवाफदेहितालाई प्रवर्धन गर्नु रहेको थियो।

## SKM-Population Census

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले भारत सरकारको गृह मन्त्रालयले २०२७ मा देशको जनगणना सञ्चालन गर्ने सम्बन्धमा जारी गरेको आधिकारिक अधिसूचनाको हार्दिक स्वागत गरेको छ। विज्ञप्तिमा प्रधानमन्त्री नरेन्द्र मोदीको गतिशील र दूरदर्शी नेतृत्वमा गरिएको यो ऐतिहासिक निर्णयले सही तथ्याङ्क-सञ्चालित शासन र समावेशी राष्ट्रिय योजनाप्रति केन्द्र सरकारको निरन्तर प्रतिबद्धतालाई झल्काउँछ भनी बताइएको छ। जनगणनाले देशभरि नीति निर्माण, कल्याणकारी वितरण, पूर्वाधार विकास र सशक्तिकरण पहलहरूको मेरुदण्डका रूपमा काम गर्नेछ भनेर पनि विज्ञप्तिमा बताइएको छ।

## Disaster Management Training

जिल्ला प्रशासन केन्द्र पाकिमले आज कार्यालय व्यवस्थापन र आपदा व्यवस्थापन सम्बन्धी एकमहिने तालिमको समापनका अवसरमा समापन कार्यक्रम आयोजना गर्‍यो। प्रशासनिक क्षमता र आपदा तयारी अभिवृद्धि गर्न यो तालिम सञ्चालन गरिएको हो। कार्यक्रममा पाकिमका जिल्लापाल रोहन अगावानेले तालिम कार्यक्रम सम्पन्न गरेकामा सहभागीहरूलाई बधाई दिनुभयो। साथै, उहाँले प्रशिक्षार्थीहरूको आत्मविश्वास बढाउन, प्राविधिक ज्ञान प्रदान गर्न र क्षमता अभिवृद्धि गर्नका लागि प्रविधिमैत्री दृष्टिकोणलाई प्रवर्धन गर्नहेतु तालिम सञ्चालन गरिएको प्रकाश पार्नुभयो। कार्यक्रम अवधि, उत्कृष्ट प्रदर्शन गर्ने प्रशिक्षार्थीहरूलाई उनीहरूको कडा परिश्रम र प्रदर्शनको सम्मानमा अभिनन्दन समारोह पनि आयोजना गरियो।

## Pakyong-Dharti Aaba

पाकिम जिल्लाको समाज कल्याण विभागले देशव्यापी पहल धरती आबा जनजातिय ग्राम उत्कर्ष अभियान र पीएम-जनमान अन्तर्गत तीस दिने अभियान सुरु गरेको छ। यो अभियान पाकिमका जिल्लापाल रोहन अगवानेको निर्देशनमा सञ्चालन भइरहेको छ। अभियानको प्राथमिक उद्देश्य भारत सरकारद्वारा लागू गरिएका विभिन्न आदिवासी कल्याण कार्यक्रमहरू अन्तर्गत जागरूकता फैलाउनु र लाभहरूको सन्तृप्ति सुनिश्चित गर्नु हो।